"स्वस्थ, सुखी र समृद्ध लिसंखु पाखर : पर्यटन, जलस्रोत, शिक्षा र कृषिमा आधुनिकीकरण र आत्मनिर्भर"
लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
☎ ०११६६१११८
lisankhupakharmun@gmail.com
www.lisankhupakharmun.gov.np
www.fb.com/lisankhupakharmun

पत्र संख्या : २०८२/८३
सू.न.९६

## आलु बीउ उत्पादन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०८/०१**

लिसंखु पाखर गाउँपालिका कृषि विकास शाखाको आ.व २०८२/८३ को नेपाल सरकार सशर्त ५०% अनुदानमा आधारित **"आलु बीउ उत्पादन कार्यक्रम"** सञ्चालन गर्नका लागि यस गाउँपालिकाका आलु बीउ उत्पादकको इजाजत लिएका ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८२ मंसिर २१ गते) यस कार्यालयको कृषि विकास शाखामा तपसिलको कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

............
बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | न्युनतम आवश्यक जग्गा | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आलु बीउ उत्पादन कार्यक्रम | २० रोपनी | ३ | आलु बीउ उत्पादकको इजाजतपत्र लिएका ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक हुनुपर्ने। |

**आवश्यक कागजातः**

१. कृषक समूह/कृषि सहकारी /कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
२. कार्यक्रम सञ्चालन प्रस्तावना पत्र।
३. गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी।
४. गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण।
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोक खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
६. कार्य समितिको निर्णयको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस।
८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमजिमको आलि बीउ उत्पादन कार्यक्रमको लागि लाभग्राही छनौट मापदण्ड

| क.स. | छनौटका आधारहरु | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | भौगोलिक उपयुक्तता | २० | समुद्री सतहबाट १५०० मिटर माथिको उचाइ, उपयुक्त हावापानी र खेती गर्ने जमिनको क्लस्टर मिलेको हुनुपर्ने |
| २. | बीउ आलु उत्पादनमा अनुभव हासिल भएको/नभएको | १० | बीउ आलु उत्पादन बारे ज्ञान र अनुभव हुनुपर्ने |
| ३. | सिंचाईको सुविधा भएको/नभएको | १५ | सिँचाईको सुविधा उपलब्ध भएको हुनुपर्ने |
| ४. | समूह/संस्थागत क्षमता | १५ | कार्यक्रम संचालनका लागि समूह/संस्थाको आर्थिक, सामाजिक, प्राविधिक तथा जनशक्तीगत क्षमता भएको हुनुपर्ने |
| ५. | कृषि क्षेत्रमा सक्रिय संलग्नता | १० | कार्यक्रममा सहभागी हुन इच्छुक संस्था र समूह कृषि क्षेत्रतमा निरन्तर सक्रिय भएको हुनुपर्ने |
| ६. | विगतमा सो प्रकारको अनुदान प्राप्त भएको/नभएको | १५ | विगतमा सो प्रकारको अनुदान प्राप्त नभएकोलाई प्राथमिकता दिईने |
| ७. | अन्य | १५ | प्राविधिक स्थलगत अनुगमनबाट निर्धारण हुने |
| | जम्मा अंकभार | १०० | |

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत